# राजदेवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
राजदेवी, रौतहट
प्रदेश नं. २, नेपाल

पत्र संख्या :- २०७६/०७७

मितिः- २०७६।०७।१८

## आ.व.२०७६/०७७ को लागि आन्तरिक आय ठेक्का सम्बन्धी शिलबन्दी वोलपत्र आह्वान सम्बन्धी सूचना ।

(प्रथम पटक जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशीत भएको मिति २०७६/०७/१९ )

यस कार्यालयबाट आर्थिक वर्ष २०७६।०७७ अवधिकोलागी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६१ बमोजिम तथा नगर स्तरिय राजश्व परामर्श समितिबाट पारित निम्न अनुसारको ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले तपशिलमा उल्लेखित ठेक्का विवरण शर्तहरूको अधिनमा रही ठेक्का नं. १ पशुचौपायाको हकमा मूल्य अभिवृद्धिकर (VAT) मा दर्ता भएको फर्म, ब्यक्ति वा कम्पनिहरूवाट आ.व.२०७६/०७७ का लागि नवीकरण भएको इजाजत पत्र र आ.व.२०७५/०७६ सम्मको आयकर चुक्ताको प्रमाणपत्रको प्रतिलिपिहरू संलग्न राखी बोलपत्र खरिद गर्न पेश गर्नुपर्ने छ र ठेक्का नं २ देखि ४ सम्मको हकमा नेपाली नागरिकताको प्रतिलिपी सहित इच्छुक फर्म, ब्यक्ति वा कम्पनीहरूवाट वा निजको प्रतिनिधिहरूले यस नगरपालिकाको कार्यालयबाट निर्धारित समयावधि भित्र तपशिल अनुसार बोलपत्र दस्तुर नेपाल बैंक लिमिटेड शाखाको आन्तरिक आय खाता नं. 26203000000005001001 मा जम्मा गरेको बैंक भौचर वा नगद (पछि फिर्ता नहुने) पेश गरि बोलपत्र फारम खरिद गरी रीतपूर्वकको गोप्य शिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागी ७ (सात) दिने यो सर्वजनिक सुचना प्रकाशन गरिएको छ ।

तपशिल

| ठेक्का नम्बर | ठेक्का विवरण | न्युन्तम अंक(मु.अ.कर वाहेक) | वोलपत्र फारम दस्तुर रू | धरौटी रकम रू. कबोल अंकको ५% |
|---|---|---|---|---|
| १. | राजदेवी नगर क्षेत्रबाट चौपाया निकासी/पैठारी | ३,००,०००।- | १०००।- | " |
| २. | वागमती नदीका कटरवन पायल देखि अर्जित राउतको घर सम्मको माछा ठेक्का । | १,५०,०००।- | १०००।- | " |
| ३. | झाझ नदीको वागमती नदीको मुख देखि वडहर्वाको कैलास सहनीको घर सम्मको माछा ठेक्का । | १,२५,०००।- | १०००।- | " |
| ४. | वागमती नदी राजदेवी न.पा. ४ अन्तर्गत पर्ने गडहिया डुङ्गा घाट ( वहुवार्षिक) | ८,००,०००।- | १०००।- | " |